"रम्भा गाउँपालिकाको शान, सुखी रम्भावासी समृद्ध रम्भा हाम्रो अभियान"

# रम्भा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
## पिपलडाँडा, पाल्पा

# आ.व.२०८३/०८४
# वार्षिक नीति तथा कार्यक्रम

पेश गर्ने मिति :२०८३/०३/०३

रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलडाँडा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

# आर्थिक वर्ष ०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम

श्रद्धेय गाउँसभाका सदस्य ज्यूहरु

१. प्रकृति र संस्कृतिले समृद्ध रम्भा गाउँपालिकाको गरीमामय गाउँ सभामा हाम्रो अनुरोधलाई सहर्ष स्वीकार गरी पाल्नु भएकोमा उपस्थित सम्पूर्ण महानुभावहरुमा हार्दिक स्वागत गर्दै अभिवादन टक्र्याउँदछु।

२. यस महत्वपूर्ण अवसरमा रम्भा गाउँपालिकाको आ.व.२०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम सम्मानित गाउँ अधिवेशन समक्ष प्रस्तुत गर्न पाउदा गौरवान्वित महसुस गरेको छु ।

३. यस अवसरमा सर्वप्रथमत म राष्ट्रियता, लोकतन्त्र र अग्रगामी परिवर्तनका साथै नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधिनता र स्वाभिमानको रक्षाको लागि विभिन्न कालखण्डमा भएका विभिन्न राजनीतिक क्रान्ति, संघर्ष र आन्दोलनमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने ज्ञात-अज्ञात शहिदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दछु। साथै घाईते योद्दाहरुप्रति सम्मान भाव व्यक्त गर्दै सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु। राजनीतिक परिवर्तनको लागि अग्र मोर्चामा खटिई नेतृत्व प्रदान गर्नुहुने श्रद्धेय नेतागण सहित सम्पूर्ण आम नेपालीमा आभार व्यक्त गर्दछु।

४. रम्भावासीहरूको अमूल्य मत प्रासगरि स्थानीय सरकारको नेतृत्व गरेदेखिनै **"रम्भा गाउँपालिकाको शान सुखी रम्भावासी समृद्ध हाम्रो अभियान"** भन्ने मूल नारालाई आत्मसात गरि रम्भा गाउँपालिकाको विकास,समृद्धि र सुशासनयुक्त सरल जनमैत्री सेवा प्रवाह गरि जनसन्तुष्टि अभिवृद्धि गर्न प्रतिवद्ध भएर लागेका छौं। रम्भावासी सम्पूर्ण आमाबुवा, दाजुभाई, दिदिबहिनीहरुकै माग, आवश्यकता, चाहाना र सुझाव अनुसार नै गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्दै आईरहेका छौं।

५. स्थानीय सरकार जनताको त्याग र बलिदानबाट प्रास उपलब्धि हो । स्थानीय जनताको पूर्ण लोकतन्त्र, सुशासनको प्रत्याभूति, जनताप्रि उत्तरदायी सरकार, भ्रष्टाचार मुक्त पालिका निर्माण तथा सभ्य र सु-संस्कृत समाज एवम आफ्नो कर्तव्य प्रति दृढ रहनु यस गाउँपालिकाका आदर्श हुनेछन् ।

६. संघ, प्रदेश र स्थानीय तहगरी तीनै तहका सरकारहरुको मुख्य उद्देश्य सम्पूर्ण नागरिकलाई आर्थिक दृष्टिकोणले आत्मनिर्भर र स्वावलम्वी बनाउने उद्देश्य राखेर अगाडी बढिरहेको सन्दर्भमा रम्भा गाउँपालिकाले तय गरेको नारालाई साकार बनाउने गरी आर्थिक वर्ष ०८३/०८४ को नीति तथा कार्यक्रम र वजेटलाई केन्द्रित गर्न लागिएको जानकारी गराउन चाहन्छु ।

७. राज्यको पूर्नसंरचना सँगै संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकार गरी तिन तहका सरकारको अधिकार र कर्तव्य संविधानतः निर्दिष्ट गरिएका छन् । संविधानले तोकेका एकल तथा साझा अधिकार क्षेत्रभित्र रही संघीय सरकार र प्रदेश सरकारले दिएको निती नियमको परिधिभित्र रही विशेषत आयआर्जनका कार्यक्रमहरु, शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन, पर्यटन, व्यवसाय तथा भौतिक पूर्वाधार विकासका कार्यक्रमलाई विशेष जोड दिदै सम्मानित गाउँ अधिवेशन समक्ष आ.व. २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम पेश गर्दछु ।

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

श्रद्धेय गाउँसभाका सदस्य ज्यूहरु

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

## १. आर्थिक विकास

### कृषि तथा पशु

१. कृषि तथा पशुपालन व्यवसायलाई व्यवस्थित एवं सम्मानित बनाई दुध मासु उत्पादनमा जोड दिनुका साथै बजारीकरणका लागि कृषि एम्बुलेन्स संचालनलाई निरन्तरता दिईनेछ।

२. कृषि तथा पशु व्यवसाय संचालनका लागि सहुलियत व्याजदरमा कर्जा प्रवाह कार्यक्रम, प्राविधिक सेवा, कृषि औजार तथा मेसिनरी सामान वितरण, हल गोरुमा अनुदान, पशु खोप माटो परीक्षण तथा माहुरी पालन मत्स्य पालन जस्ता कार्यमा विशेष जोड दिइनेछ।

३. लिची, सुन्तला जातका फलफूलहरुको जोनको रुपमा विस्तार गर्ने कार्य अगाडी बढाईनेछ।

४. प्राङ्गारिक एवं जैविक मल उत्पादन, आधुनिक घाँसको उत्पादन जस्ता कार्यमा जोड दिइनेछ।

५. उत्पादनमा आधारित अनुदानको व्यवस्थालाई निरन्तरता एवं थप प्रभावकारी बनाइनेछ।

६. रैथाने बालिहरुको प्रवर्द्धनमा विशेष जोड दिइनेछ ।

७. शित भण्डार केन्द्र व्यवस्थापन तथा थप निर्माण कार्यमा आवश्यक पहल गरिनेछ।

८. खेती योग्य बाझो जग्गा प्रयोगमा ल्याउका लागि भूमि बैङ्क स्थापना गरि जग्गा लिजमा लिने दिने व्यवस्था मिलाईनेछ ।

९. उत्पादनमा आधारित कृषकहरुलाई सम्मान, पुरस्कार तथा प्रोत्साहनको व्यवस्था मिलाइनेछ ।

१०. पशु दाना उद्योग स्थापनाका लागि अध्ययन कार्य अगाडी बढाइनेछ ।

११. उन्नत जातका विउ विजन तथा फलफूलका विरुवा वितरणको व्यवस्था मिलाईनेछ

१२. मागमा आधारित कृषि तथा पशु विकास कार्यक्रमहरु संचालन गरिनेछ ।

१३. वन्य जन्तु नियन्त्रण तथा व्यवस्थापनका लागि योजना निर्माण गरी त्यस तर्फ विशेष ध्यान दिईने छ साथै सरकारी तथा सामुदायिक वनमा फलफूलका विरुवा लगाउने कार्य अगाडी बढाइने छ ।

१४. वन पैदावार तथा जडीबुटीहरुको पहिचान गरी उच्चतम प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।

१५. कृषि तथा पशु विमा कार्यक्रम संचालनका लागि पहल गरिनेछ ।

### सहकारी

१६. सहकारी संस्थाहरुसँग उत्पादन तथा बजारीकरण पूर्वाधार निर्माण तथा अन्य कार्यहरुमा सहकार्य र सहजीकरण गर्ने नीति लिइनेछ ।

१७. वित्तिय साक्षरता कार्यक्रम सहकारी शिक्षा कार्यक्रम संचालन गरिनेछ। साथै सहकारी संस्थाहरुको क्षमता विकासमा जोड दिईनेछ ।

१८. सहकारी संस्थाहरुको नियमित अनुगमन तथा मूल्याङ्कनमा विशेष प्राथमिकता दिइनेछ ।

### उद्यम विकास

१९. उद्यम विकास कार्यक्रमलाई व्यवस्थित बनाउदै नयाँ उद्यमी श्रृजना, स्तरोन्नती तथा प्रविधि हस्तान्तरणमा जोड दिइनेछ ।

२०. वडा नं १ हुँगीमा निर्माणाधिन औद्योगिक ग्राम सञ्चालनमा ल्याइनेछ ।

२१. काठ प्रशोधन उद्योग खानी उद्योगको संभाव्यता अध्ययन गर्ने कार्य अगाडी बढाइनेछ साथै संचालनका लागि सार्वजनिक निजि साझेदारीमा आधारीत नीति अवलम्वन गरिनेछ ।

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

२२. मेरो मातृभुमी मेरो दायित्व कार्यक्रम अन्तर्गत विदेशवाट फर्किइ वैदेशिक सिप परिचालन गरी स्वरोजगार हुन चाहने युवाहरुकोलागी अध्यक्ष संग युवा स्वरोजगार कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

**पर्यटन**

२३. रम्भा गाउँपालिका भित्र रहेका ऐतिहासिक धार्मिक एवं पर्यटकीय क्षेत्रहरुको विकासका लागि विशेष योजना वनाइ ती क्षेत्रहरुलाई पर्यटकिय गन्तव्य स्थलको रुपमा विकसित गर्ने नीति लिइनेछ ।

२४. ग्रामीण पर्यटन प्रवर्द्धनका लागि संचालनमा रहेको रानिवास सामुदायिक होमस्टेलाई थप व्यवस्थित बनाई अन्य स्थानहरुको सम्भाव्यता अध्ययन गरी संचालनमा ल्याउने प्रकृया अगाडी बढाइनेछ ।

२५. कालीगण्डकी नदी संरक्षण र सरसफाइ साथै यसको महिमालाई व्यापक प्रचार प्रसार गरी पर्यटक भित्र्याउन विशेष कार्यक्रम ल्याइनेछ।

२६. धार्मिक पैदल मार्ग, बाल उद्यान, पार्क तथा व्यायाम शाला निर्माण तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।

**श्रद्धेय गाउँसभाका सदस्य ज्युहरु**

## २. सामाजिक विकास

### शिक्षा तथा खेलकुद

२७. शिक्षालाइ समता, पहुँच र समृद्धिको आधारको रुपमा स्थापित गर्नको लागि विद्यालयमा विद्यार्थी भित्र्याउने, सिकाउने, टिकाउने र विकाउने अभियानलाइ निरन्तरता दिदै स्थानीय पाठ्यपुस्तक, विद्यार्थीसँग करेसाबारी, शिक्षक, कर्मचारी, विद्यार्थी दुर्घटना बिमा, विद्यालय नर्सिङ्ग, दिवाखाजा, अतिरिक्त कक्षा एवं आवासिय विद्यालय कार्यक्रमलाई थप एवं प्रभावकारी बनाइनेछ ।

२८. संस्कार सहितको प्रविधिमैत्री गुणस्तरीय शिक्षाको सुनिश्चितताको लागि बालबालिका र ज्येष्ठ नागरिकको विच अन्तरपुस्ता पुस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

२९. शैक्षिक तथ्याङ्कलाइ शुद्धिकरण गरी विश्वसनिय बनाउनको लागि विद्यालयमा IEMIS हेर्ने शिक्षकलाई जिम्मेवार बनाउदै प्रोत्साहन र क्षमता विकास सहित शैक्षिक सुशासन सुनिश्चित गरिनेछ ।

३०. गुणस्तरीय शिक्षा अभिवृद्धिका लागि विद्यालय व्यवस्थापन समितिको क्षमता विकास, विद्यालय अनुगमन, वैज्ञानिक परीक्षा प्रणाली समयानुकुल शिक्षक तालिम, उत्प्रेरणा, पुरस्कार, दण्ड र प्रोत्साहन तथा अभिभावक परिचालनलाइ जोड दिदै अभिभावक शिक्षालाइ विस्तार गरिनेछ साथै साझेदार संस्थाहरुसँग समन्वय र सहकार्य समेत गरिनेछ ।

३१. शिक्षा संग सिप अन्तर्गत पढ्दै कमाउदै, कमाउदै पढ्दै कार्यक्रमलाइ प्रभावकारी रुपमा संचालन गरि विद्यार्थीलाई मर्यादित श्रमसँग आवद्ध गरी विस्तार गरिनेछ ।

३२. ई-लर्निङ, भर्चुअल कक्षा, खुला डिजिटल सामग्री, कृत्रिम बुद्धिमत्तामा आधारित सिकाइ प्रणाली विस्तार गर्ने र विद्यालय नक्सांकन, समायोजन, शिक्षक दरबन्दी मिलान तथा गुणस्तरीय सीकाई सुनिश्चिताका लागि शिक्षक बैंक स्थापना गरी कार्यान्वयनमा ल्याईनेछ ।

३३. विपन्न, सीमान्तकृत, दलित, आदिवासी जनजाति, अपांगता भएका तथा पिछडिएका क्षेत्रका सबै बालबालिकाका लागि गुणस्तरीय शिक्षामा समान पहुँच सुनिश्चितताका लागि छात्रवृत्ति कार्यक्रमलाई प्रभावकारी बनाईने छ । प्राविधिकधारमा अध्ययन गर्ने विद्यार्थीका लागि विशेष व्यवस्था गरिनेछ ।

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

३४. विद्यालय स्तरमा स्वास्थ्य र अनुशासनको लागि खेलकुदलाइ प्रबर्द्धन गर्न विद्यालय स्तरमा खेलकुद, विद्यालय स्काउटिङ, प्रतिभा पहिचान तथा आवश्यक तालिम कार्यक्रम सञ्चालन गरिनेछ साथै यस विधालाई व्यवस्थित एवं मर्यादित बनाउन विशेष कार्यक्रम ल्याईनेछ ।

३५. खेलकुद प्रति रूचि तथा प्रोत्साहन गर्न संघ, प्रदेश वा जिल्लामा उत्कृष्ट हुने खेलाडीलाई विशेष पुरस्कारको व्यवस्था गरिनेछ ।

३६. अभिभावक विहिन बालबालिकाको अभिभावकत्व ग्रहण गरी शिक्षा स्वास्थ्य तथा आधारभुत आवश्यकताको सुनिश्चितता गरिनेछ ।

३७. मगर भाषाको थप अध्ययन एवं अनुसन्धान गरी संभावना भएका विद्यालयमा पठन पाठन शुरु गरिनेछ ।

**श्रद्धेय गाउँसभाका सदस्य ज्यूहरु**

## महिला बालबालिका तथा सामाजिक समावेशीकरण

३८. महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपांगता भएका व्यक्ति, यौनिक अल्पसंख्यक लगायत सबै लक्षित समूहको आर्थिक, सामाजिक र राजनितिक शसक्तिकरणलाई उच्च प्राथमिकता दिइनेछ ।

३९. आर्थिक, सामाजिक बञ्चितिकरणमा रहेका समूहलाइ सार्वजनिक प्रशासन तथा सरकारी सेवामा मूलप्रवाहीकरण गरी पहुँच सुनिश्चित गर्न सरकारी सेवा प्रवेशका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४०. सबै प्रकारका लैंगिक हिंसामा शून्य सहनशीलता अपनाउदै सामाजिक सांस्कृतिक विभेद र हानिकारक अभ्यास अन्त्य गर्न सामाजिक रुपान्तरण अभियान संचालन गरिनेछ । हिंसा पीडित केन्द्रित सेवा प्रणाली सुदृढ गरी उद्धार, कानुनी सहायता, पुर्नःस्थापना र सामाजिक पुनःएकीकरणका कार्यक्रम संचालनका लागि अन्तर निकायसंग समन्वय गरिनेछ. ।

४१. रम्भा गाउँपालिका भित्र रहेका सवै प्रकारका कला संस्कति संरक्षणका साथै विभिन्न प्रकारका पर्व, दिवसहरु मनाउने कार्य गरिनेछ ।

४२. महिला,बालबालिका,दलित, जनजाति, अपांगता, युवा लगायत सम्पुर्ण लक्षित समुहको क्षमता विकास गरी स्वरोजगार तर्फ उन्मुख गर्नको लागि एकीकृत लक्षित विकास कार्यक्रम संचालन गरिनेछ ।

४३. बालमैत्री स्थानीय शासनको दिगोपनाका लागि आवश्यक कार्यक्रम संचालन गरिनेछ ।

४४. बालविवाह बालश्रम, लैङ्गिक हिंसा, साइबर सुरक्षा, डिजिटल साक्षरता तथा लागुपदार्थ दुर्व्यसनी अन्त्यका लागि बालक्लव तथा संजाललाइ परिचालन गरी जनचेतना, मनोपरामर्श, तथा कानुनी परामर्शका कार्यक्रमलाइ विस्तार गरिनेछ ।

४५. महिला मैत्री, बालमैत्री, किशोरीमैत्री, अपांगता मैत्री वातावरण सुनिश्चितताको लागि क्षमता विकास कार्यक्रम,विद्यालय र समुदायमा जनस्वास्थ्य तथा जनचेतनामुलक कार्यक्रम संचालन गरि भौतिक पूर्वाधार निर्माण तथा सार्वजनिक सेवा प्रवाहमा सबै वर्गको सहभागीताको सुनिश्चितता गरिनेछ ।

४६. दिगो विकासको लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरि कार्यान्वयन गर्न आवश्यक कार्यक्रमहरु अगाढी वढाईनेछ।

४७. जातिय छुवाछुत जस्तो जघन्य अपराधमा शुन्य सहनशिलताको नीति अवलम्वन गरिनेछ ।

४८. लक्षित वर्गहरुको नेतृत्व क्षमता विकासमा जोड दिइनेछ ।

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

## स्वास्थ्य तथा खाद्य स्वच्छता

४९. पोषणमैत्री गाउँपालिका घोषणाका लागि आधारभुत संरचना तयार गर्नका लागि विशेष व्यवस्था गरिनेछ साथै सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५०. गाउँपालिका भित्र संचालित स्वास्थ्य संस्थाको भौतिक व्यवस्थापन सुदृढ गरिनेछ ।

५१. स्वस्थ गाउँपालिका, नागरिक आरोग्य अभियान मार्फत स्वास्थ्य प्रवर्द्धनका लागि नसर्ने तथा दीर्घ रोगहरुको स्क्रिनिङ, मानसिक स्वास्थ्य समस्या पहिचान, आत्महत्या न्युनिकरण तथा लागु औषध रोकथामका लागि जनचेतना विस्तार, तथा मनोपरामर्श कार्यक्रम संचालन तथा विस्तारमा जोड दिइनेछ ।

५२. आधारभुत निःशुल्क स्वास्थ्य सेवामा सम्पुर्ण नागरिकको पहुँच सुनिश्चतताको लागि स्वास्थ्य संस्थाहरुमा आधारभुत औषधी तथा निःशुल्क ल्याब सेवालाइ निरन्तरता एवं थप प्रभावकारी बनाईनेछ ।

५३. स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउनको लागि महिला स्वास्थ्य स्वयं सेविका तथा स्वास्थ्य सेवाका कर्मचारीहरुको क्षमता विकास, प्रोत्साहन र उत्प्रेरणात्मक कार्यक्रम संचालन गरिनेछ ।

५४. मेरो स्वास्थ्य मेरो जिम्मेवारी कार्यक्रम अन्तर्गत योग,ध्यान, साधना, पञ्चकर्म सरसफाइ,स्वस्थ जीवनशैली अवलम्बन र भान्सा सुधारका लागि जनचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।

५५. विपद् तथा महामारी व्यवस्थापनका लागि स्वास्थ्य संस्था र विद्यालयहरुको पुर्व तयारी, प्रतिकार्य र पुनर्लभिको लागि संस्थागत क्षमता अभिवृद्धि गरिनेछ ।

५६. तोकिएका लक्षित वर्गहरुलाई गर्दै आएको स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता दिदै बीमा कार्यक्रममा आवद्ध हुन नसक्ने लक्षित समुहको लागि समेत विमा कार्यक्रममा समावेश गरिनेछ ।

५७. स्वास्थ्य सहायता उपचार कोषलाई व्यवस्थित बनाई दिर्घ रोगीलाई दिदै आएको सेवा सुविधालाई थप प्रभावकारी बनाईनेछ ।

५८. सुत्केरी तथा नवजात शिशुलाई मृत्युबाट बचाई राख्न आकस्मिक कोषको व्यवस्थापन गरिनेछ साथै एम्बुलेन्स सेवालाई प्रभावकारी बनाईनेछ ।

५९. स्वास्थ्य व्यवस्थापन सूचना प्रणालीलाइ गुणस्तरीय, व्यवस्थित, तथ्यपरक, तथा प्रविधिमैत्री बनाइनेछ ।

६०. बाल मृत्युदर अन्त्य गर्नका लागि स्वर्ण विन्दु प्रासन जस्ता कार्यक्रम सञ्चालनमा ल्याईनेछ ।

## रोजगार कार्यक्रम

६१. गाउँपालिकामा सूचीकृत बेरोजगारको क्षमता विकास गरी स्थानीय उत्पादनमुलक कार्यमा सहभागी गराइनेछ ।

६२. बेरोजागर युवा तथा बैदेशिक रोजगारबाट फर्किएका व्यक्तिहरुको तथ्याङ्क संकलन गर्ने तथा मागमा आधारित ३९० घण्टे उद्यमशिल तालिम संचालन एंव विउ पुंजी उपलब्ध गराइ स्वरोजगार बनाउदै लगिनेछ ।

६३. युवाहरुलाइ नव प्रवर्तन तालिमको व्यवस्था गरी सीपलाई उद्यमशिलतासँग जोडिनेछ।

६४. लक्षित वर्गलाइ रोजगारीमा थप पहुँच वढाउन व्यावसायिक कृषि सिचाँइ खानेपानी पर्यटन पुर्वाधार जस्ता सार्वजनिक निर्माणका क्षेत्रहरूमा निजि क्षेत्र ,गैरसरकारी र सहकारी संस्थाहरूसंग समन्वय गरिनेछ ।

६५. स्थानीय श्रमबजार विश्लेषण, सीप तथा माग नक्सांकन, श्रम स्वीकृति, रोजगार परामर्श, Job matching, उद्यमशिलता प्रवर्धन तथा वैदेशिक रोजगारीबाट फर्किएका श्रमिकहरुको लागि पुनः एकीकरण कार्यक्रम संचालन गरिनेछ ।

रम्भा गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय पिपलडाँडा, पाल्पा लुम्बिनी प्रदेश, नेपाल २०७३

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

६६. सामाजिक सुरक्षा कार्यक्रमलाइ थप प्रभावकारी र लाभग्राहीमैत्री पहुँच सुनिश्चितताको लागि वित्तिय संस्थासँग समन्वय गरी घरदैलोमै सामाजिक सुरक्षा भत्ता वितरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

६७. वैदेशिक बोर्डको कल्याणकारी कोषबाट प्राप्त हुने सहायता तथा सेवाहरु सहजै उपलब्ध गराउन रोजगार सेवा केन्द्रबाट निरन्तर सहजिकरण गरिनेछ।

**सामाजिक सुरक्षा तथा पञ्जीकरण**

६८. व्यक्तिगत घटना दर्ता कार्यलाई छिटो छरितो र प्रभावकारी बनाइनेछ ।

६९. जन्म मृत्यु विवाह बसाइसराई र सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु समयमा दर्ता गर्न जनचेतना मूलक कार्यक्रम संचालन गरिनेछ ।

७०. सबै वडाहंरुमा अनलाइन व्यक्तिगत घटना दर्ता प्रणाली थप प्रभावकारी बनाउदै जन्म दर्ता संगै बालबालिकालाई राज्यका आधारभूत सेवामा पहुँच सुनिश्चित गरिनेछ ।

**श्रद्धेय गाउँसभाका सदस्य ज्यूहरु**

## ३. पुर्वाधार विकास

### सिंचाई

७१. स्थलगत सिंचाई, भूमिगत सिंचाई, थोपा सिंचाई, लिफ्ट सिंचाई तथा अन्य वैकल्पिक सिचाँई आयोजनाहरुलाई प्राथमिकता दिइनेछ ।

७२. कालीगण्डकीबाट संभावना भएका हुँगी फाँट र पिपलडाँडाका विभिन्न फाँटका क्षेत्रहरुमा लिफ्टीङ्ग सिँचाई आयोजना संचालन तथा विस्तारमा जोड दिइनेछ।

७३. नदी कटान तथा भूक्षय नियन्त्रण गर्न विशेष कार्यक्रम ल्याइनेछ ।

७४. वर्षातको पानी संकलन तथा व्यवस्थापन गर्ने कार्य अगाडी बढाइनेछ ।

### विद्युत

७५. गुणस्तरीय विद्युत सेवा प्रवाहका लागि आवश्यक व्यवस्था मिलाईनेछ ।

७६. अति विपन्न नागरिकहरुका वत्ति जडान गर्न नसकेका घरमा विद्युतीकरणको व्यवस्थापन गरिनेछ ।

७७. हाम्रो रम्भा उज्यालो रम्भा कार्यक्रम अगाडी बढाइनेछ ।

७८. सामुदायिक विद्युतिकरण भएका क्षेत्रहरुलाई थप व्यवस्थित बनाइनेछ ।

### भवन

७९. रम्भा गाउँपालिकाको प्रशासकीय भवन तथा स्वास्थ्य संस्थाहरुको भवनहरु निर्माणको कार्यलाई तिव्रता दिदै समयमा नै सम्पन्न गर्न लगाईने छ ।

८०. घर नक्सा पास तथा अभिलेखिकरण गर्ने कार्यलाई प्राथमिकता दिइनेछ ।

८१. अधुरा रहेका आयोजना सम्पन्न गर्न उच्च प्राथमिकता दिइनेछ ।

८२. भौतिक संरचना निर्माण गर्दा स्थानीय जनशक्ति तथा साधन श्रोतको उच्चतम प्रयोग गर्ने नीति लिईने छ । साथै दिगोपन र वातावरण मैत्री बनाइनेछ ।

८३. भवन निर्माण गर्दा बाल मैत्री, अपाङ्ग मैत्री तथा भूकम्प प्रतिरोधि बनाउन नीति अगिँकार गरिनेछ ।

८४. घर नक्सा पास गरेरमात्र घर निर्माण गर्नकोलागी प्रोत्साहन गर्न घर विमा कार्यक्रम लागु गरिनेछ ।

### सडक

८५. सम्पूर्ण निर्माण कार्यमा ढुवाँनी दररेटलाई वैज्ञानिक एवं प्रभावकारी बनाउन पहल गरिनेछ।

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

८६. अत्यावश्यक र प्राविधक हिसावले उपयुक्त देखिएको बाहेक नयाँ ट्याक खोल्ने कार्यलाई पूर्ण रुपमा रोकी यस आर्थिक वर्षलाई सडक स्तरउन्नती वर्षको रूपमा लिइनेछ ।

८७. सडकहरु बाह्रै महिना सुचारु गर्नका लागि सडक मर्मत कोषको व्यवस्थालाई प्रभावकारी बनाइनेछ। यसका लागि लेन्थमेनहरुको व्यवस्थालाई समेत थप्दै लगिनेछ ।

८८. सडकहरुलाई उत्पादन र बजारीकरणसँग जोड्ने नीति लिइनेछ साथै हरित सडक निर्माणमा जोड दिइनेछ ।

८९. सवै वडाहरूमा कृषि सडकको पहुँच विस्तारमा जोड दिइनेछ ।

९०. सडक तथा अन्य भौतिक संरचना निर्माण गर्दा दिगो र वातावरणमैत्री बनाउने नीति लिईनेछ ।

## खानेपानी तथा सरसफाई

९१. स्वच्छ पिउने पानी व्यवस्थापन गर्न बाँकी रहेका घरमा एक घर एक धारा जडान गर्ने कार्यलाई पूर्णता दिन आवश्यक पहल गरिनेछ साथै धारा निर्माण गर्दा बालमैत्री बनाइनेछ

९२. वैज्ञानिक तरिकाले फोहोर मैला व्यवस्थापन तथा सार्वजनिक शौचालय निर्माण र प्रयोगमा विशेष ध्यान दिइनेछ

९३. खानेपानीका मुलहरुको संरक्षण, गुणस्तर परीक्षण तथा सरसफाइ गर्ने कार्यमा जोड दिइनेछ ।

९४. लिफ्टिङ्ग खानेपानीको न्यूनतम विद्युत महशुल भुक्तानी दिने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।

## ४. वन,वातावरण तथा विपद व्यवस्थापन

९५. हरियाली गाउँपालिका बनाउने नीति अवलम्वन गरिनेछ। यसका लागि सरोकारवालाहरुसँग सहकार्य गरिनेछ ।

९६. सामुदायिक वन व्यवस्थापन र उपयोग सम्बन्धी कानूनी सचेतना कार्यक्रम संचालन गरिनेछ ।

९७. बहुमुल्य विरुवा लगाउने कार्य अगाडी बढाइनेछ । साथै विपद सम्बन्धी जनचेतना मुलक कार्यक्रम संचालन गरिनेछ ।

९८. विपद प्रतिकार्य योजनालाई प्रभावकारी ढंगले लागु गरिनेछ। साथै विपद व्यवस्थापन कोषलाई थप व्यवस्थित बनाईनेछ ।

९९. आपतकालिन सेवा संचालन गर्न QRT लाई थप व्यवस्थित एवं प्रभावकारी बनाईनेछ ।

१००. जोखिमयुक्त वस्तीहरुको पहिचान गरी उक्त वस्तीहरुलाई व्यवस्थित बनाउन विशेष पहल गरिनेछ ।

१०१. विपद जन्य घटना संरक्षणर्थ खुल्ला क्षेत्रहरुको संरक्षण गरिनेछ ।

## ५. संस्थागत विकास तथा सुशासन

१०२. आन्तरिक नियन्त्रण प्रणालीलाई मजबुत बनाउदै बेरुजू फछ्यौंटलाई तिव्रता दिईनेछ र आर्थिक पारदर्शिताका लागि शुन्य बेरुजू बनाउने नीति लिइनेछ ।

१०३. पारदर्शिता जवाफदेहिता तथा गुणस्तरीय सेवाप्रवाहमा विशेष जोड दिईनेछ।

१०४. आवश्यक सूचना तथा जानकारीहरुमा सबै नागरिकको पहुँचको सुनिश्चितता गरिनेछ यसका लागि प्रगति प्रतिवेदन सार्वजनिकिकरण सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई पत्रकार भेटघाट कार्यक्रम गरिनेछ।

१०५. आन्तरिक आम्दानीलाई सुद्धृढ बनाउन करको दायरा फराकिलो पारिने छ। साथै राजश्व सुधार योजना अद्यावधिक गरी कार्यान्वयनमा ल्याईनेछ।

१०६. भूमि समस्या समाधान गर्न सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।

१०७. सघीय सरकारको समन्वयमा सार्वजनिक जग्गाको संरक्षण गर्ने कार्यमा जोड दिइनेछ ।

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

विष्णु प्रसाद भण्डारी
अध्यक्ष

१०८. जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता विकासका लागि तालिम, अवलोकन भ्रमण, वृत्ति विकासका अवसर, सामाजिक सुरक्षा कोषमा आवद्धता सेवा सुविधामा समयानुकुल व्यवस्थापन तथा पेशा र जिम्मेवारी प्रति थप प्रतिवद्ध बनाउन कार्य सम्पादनका आधारमा सम्मान पुरस्कारको व्यवस्था मिलाइंनेछ।

१०९. घर बास विहिन नागरिकहरुको आवासको सुनिश्चितताका लागि घरबास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

११०. शान्ती सु-व्यवस्था कायम गर्न, सडक दुर्घटना र जोखिमपूर्ण यात्रालाई निरुत्साहित गर्न विशेष योजना ल्याइने छ साथै हलुका सवारी साधनको भाडा दरलाई व्यवस्थित गराईनेछ ।

१११. उपभोक्ता समितिहरुलाई योजना तथा कार्यक्रम संचालनमा आवश्यक सहजीकरण गरिनेछ । साथै उत्कृष्ट काम गर्ने उपभोक्ता समिति तथा निर्माण व्यसायिलाई सम्मान गरिनेछ ।

११२. टोल विकास संस्थाहरुको संस्थागत विकास गर्दै उत्पादनसँग जोडिनेछ र संस्थाहरुको परिचालन सहभागीता र सहकार्यलाई जोड दिइनेछ। साथै गैर सरकारी संस्थासँग लागत साझेदारी गर्ने नीति लिइनेछ ।

११३. नागरीकको न्यायमा सहज पहुच सुनिश्चत गर्नकोलागी गाउँपालिकाको न्यायिक समितिलाइ थप व्यवस्थित गरिनेछ साथै वडावाट नै मेलमिलापको माध्यमवाट न्यायिक निरूपण होस भन्ने हेतुले वडामा रहेका मेलमिलापकर्ताको क्षमता विकास परिचालन तथा नियमित कार्यक्रम संचालन गरिनेछ साथै समाजलाई सुरक्षित मर्यादित र न्यायपूर्ण बनाउन हिंसा विरुद्ध शुन्य सहनसिलताको नीति अवलम्वन गरिनेछ। साथै न्यायिक प्रक्रियालाइ पारदर्शी र प्रविधिमैत्री वनाउदै उजुरी दर्ता,सुनुवाइ र निर्णयको व्यवस्थित अभिलेखीकरण गरिनेछ।

११४. हामीले तिरेको कर हाम्रो विकासका लागि हो भन्ने जन भावना जागृत गराउन कर दाता शिक्षा कार्यक्रम संचालन गरिनेछ। साथै सम्पूर्ण व्यवसायिहरुलाई अनिवार्यरुपमा व्यवसाय दर्ता तथा नविकरण गर्न आकर्षित गरिनेछ ।

११५. खाद्य सुरक्षा सुनिश्चितताका लागि बजार अनुगमनलाई थप प्रभाकारी बनाइने छ ।

११६. करदाता मैत्री नीति अवलम्वन गर्दै डिजिटल माध्यमवाट कर भुक्तानी गर्ने प्रणालीलाइ थप व्यवस्थित गरिनेछ ।

११७. "जनताको घरमै पालिका" अभियान अन्तर्गत डिजिटल सेवा प्रणाली, e-Governance, GIS मा आधारित योजना अनुगमन तथा व्यवस्थापन GPS/Geotagging र Smart Agriculture कार्यक्रम चरणबद्ध रूपमा कार्यान्वयन गरिनेछ । "

११८. रम्भा गाउँपालिकालाई सूचना प्रविधि र कृत्रिम बुद्धिमत्तामा (AI) आधारित स्मार्ट ग्रामीण पालिकाको रूपमा विकास गर्दै कृषि, पशुपालन, पर्यटन, शिक्षा, स्वास्थ्य तथा सेवा प्रवाहलाई डिजिटल माध्यमबाट प्रभावकारी, पारदर्शी र नागरिकमैत्री बनाइनेछ ।"

११९. ४० वर्ष भन्दा माथीका लाई अनौपचारिक प्राविधिक शिक्षा कार्यक्रम ल्याइनेछ।

१२०. कागजी कामलाइ न्युनीकरण गर्दै इ-गभर्नेन्स, अनलाइन फाइल ट्र्याकिङ र डिजिटल अभिलेख व्यवस्थापन प्रणाली स्थापना गरिनेछ। सेवाग्राहीहरूलाइ छिटो छरितो सेवा दिन एकद्वार प्रणाली अवलम्वन गरिनेछ ।

रम्भा गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
पिपलडाँडा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

विष्णु प्रसाद भण्डारी
अध्यक्ष